जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily


एक कदम अगाडि

बर्ष १२ • अंक १०२ • २०८१ माघ २० गते आईतवार • 2 Feb. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना
जनकपुरधाममा
घरभन्दा पनि राम्रो
खाना सहितको कक्षा
८ सम्मको व्यवस्थित
होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

## गाउँ-गाउँमा सिंहदरबार भन्ने गणतन्त्रको नारालाई सिंहदरबार आफैंले जिस्क्याइरहेको

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ माघ




गाउँ-गाउँमा सिंहदरबार भन्ने गणतन्त्रको नारालाई सिंहदरबार आफैंले जिस्क्याइरहेको छ। सबैको आँखा पर्ने केन्द्रको सिंहदरबारमा त जनताले प्रवेश पाएका छैनन् भने गाउँका सिंहदरबारको हालत के होला ? सुरक्षाको कारण देखाई लगभग दुई दशकदेखि जनसाधारणलाई सिंहदरबार प्रवेश गर्न कठिन बनाइएको छ । पञ्चायतीकालमा समेत सहज प्रवेश हुने यो प्रशासनिक दरबारमा जनताका प्रतिनिधिलाई भने जनताको डर लाग्न लागेको प्रतीत हुन्छ। यदि यो ठाउँमा प्रधानमन्त्री कार्यालय तथा अन्य मन्त्रालय भएको कारणले 'सुरक्षा थ्रेट' छ र जन-साधारणलाई यस दरबारभित्रका कार्यालयभित्र कुनै काम नै छैन भन्ने नीति हो भने जन-साधारणका काम तथा चासो हुने कार्यालय यो कम्पाउण्डभित्र राखिनुभएन।

जनताले नेता भेट्ने कुनै अर्को 'अफिसियल' ठाउँ पनि व्यवस्था गरिनु पर्‍यो। त्यसैले कि त सुरक्षा जाँच गरेर सजिलै जनतालाई प्रवेश दिनुपर्‍यो होइन भने सिंहदरबार छिर्न पनि जनतालाई महाभारत अनि नेता तथा कर्मचारी सधैं आराम र निस्फिक्री हुने अवस्था रहिरहनेछ। हिजोआजका प्रधानमन्त्रीहरूले बालुवाटारबाटै देश चलाउने गरेका छन्, जसले गर्दा प्रधानमन्त्रीको लागि किन दुई वटा ठूला-ठूला प्रशासनिक संयन्त्र बनाउनुपर्‍यो जस्तो पनि देखिन्छ। बरु राष्ट्रपति जस्तो गरी यौटै दरबारमा सबै संयन्त्र बनाए भइहाल्यो । प्रधानमन्त्री निवासले चर्चेको जग्गा अझै पनि २/४ वटा ठूला-ठूला अफिस धान्न सक्ने त बाँकी नै छ। आजको बहसको विषय यो होइन, त्यसैले मूल विषयमै प्रवेश गरौं । दोलखाको क्षमावती उच्च माध्यमिक विद्यालय (एक सरकारी स्कुल) मा काम गर्न भनी एक अमेरिकन महिला, एमिलीले इच्छा देखाइन्। उनी एक अंग्रेजी भाषाविज्ञ 'रिटायर्ड' प्राध्यापक डाक्टर थिइन् । त्यसैले त्यस विद्यालयका प्रधानाध्यापकलाई शिक्षा मन्त्रालयमा गएर ती महिलालाई आफ्नो विद्यालयमा ल्याउनको लागि प्रक्रिया अघि बढाउनु थियो। अक्सर अंग्रेजी विषयमा कमजोर हुने सरकारी विद्यालयका विद्यार्थीलाई ती विज्ञ महिला ल्याएर पढाउने वातावरण मिलाइदिने ती प्राचार्यको चाहना थियो । त्यस अनुरुप नै विद्यालय सञ्चालक समिति, जिल्ला शिक्षा कार्यालय, दोलखा (हाल त्यो कार्यालयलाई जिल्ला समन्वय इकाई भनिन्छ), क्षेत्रीय शिक्षा निर्देशनालय, हेटौंडा, शिक्षा विभाग, सानो ठिमी लगायतका कार्यालयहरूबाट महिनौं लगाएर विभिन्न खाले सिफारिस र कागजात ल्याइसकेका थिए उनले । एउटा सिफारिस लिन क्षेत्रीय शिक्षा निर्देशनालय हेटौंडामा महिनौं लागेको र शिक्षा विभागमा हप्तौंसम्म कार्यालय प्रमुखलाई भेट्न समेत नपाएको र चिठी तयार हुन महिनौं लागेको जस्ता अनुभव उनले पहिल्यै सँगालिसकेका थिए। शिक्षा सम्बन्धी ठूला-ठूला हाकिमहरू जम्मा हुने र शिक्षा सम्बन्धी सम्पूर्ण विषयको तालुक कार्यालय नै शिक्षा मन्त्रालय भएकोले यस कार्यालयमा अझै सकस बेहोर्नुपर्ने उनको पहिल्यै अनुमान थियो । तर सिंहदरबारको गेट नै यति अभेद्य छ भन्ने कुरा भने उनले सोचेका पनि थिएनन्। उनले पहिलो पटक आफ्ना एक जना साथी, जो सिंहदरबारभित्रकै कुनै कार्यालयमा कर्मचारी भएकोले उनको सहयोगमा प्रवेश अनुमति पाए। उनी सरासर शिक्षा मन्त्रालय गए र आफ्नो काम त्यहाँका अधिकारीहरूलाई बताए र सोही अनुरुपको निवेदन पनि दिए।

यो विषयमा विशेष छलफल गरेर मात्र निर्णय लिनुपर्ने भएकोले र छलफल गर्न लामो समय लाग्ने भएकोले १/२ महिना पछि मात्रै आउन भनी उनलाई त्यहाँका कर्मचारीले फर्काइदिए । गेटबाट प्रवेश नै पाउन नसकिने भएकोले र विदेशी महिला पनि लामो समयसम्म पर्खन नसक्ने भएकोले छिटै सिफारिस बनाइदिन प्राचार्यले अनुरोध गरे । आउने बेलामा गेटमा आएर फोन गर्नु, हामी पास पठाइदिन्छौं भनेर कर्मचारीले आश्वस्त पारे। तर जब दुई महिना पछि उनी काठमाडौं आए; दोस्रो, तेस्रो वा चौथो वा बारम्बार मन्त्रालयमा जान खोज्दा, उनले कहिल्यै गेटबाटै प्रवेश अनुमति पाएनन्। हरेक पटक उनी दोलखाबाट ती अधिकारीहरूलाई भेट्न काठमाडौं आइपुग्थे, तर प्रवेश अनुमति नपाएर फर्किनुपर्थ्यो। अन्ततः निराश भएर, उनले हामीसँग आएर आफ्नो समस्या बताए। श्रेष्ठ थर भएका एक अधिकृत तहका कर्मचारीले हरेक तिकडम गरेर उनलाई सिंहदरबार बाहिरै राख्न खोजेको कुरा उनले हामीलाई भनेका थिए किनकि त्यो बेला शिक्षा मन्त्रालयको पास पठाउने जिम्मेवारी उनको थियो। आफूले माग गरेको सेवा पनि कानूनसम्मत र सही हुनुपर्‍यो । गैर-कानुनी काम गराउन वा आवश्यक कागजात पूरा नगरी धम्कीको भरमा काम गराउन खोज्यौं भने त हामी पनि तल परिहाल्छौं र सुदृढ समाज निर्माणमा हाम्रो भूमिका झन् नकारात्मक हुनपुग्छ। मसँग कानुन व्यवसायीको अनुमतिपत्र भएकाले हामीलाई त्यो द्वार पार गर्न सजिलै भयो। म प्रधानाध्यापकलाई लिएर मन्त्रालयको कार्यालयमा पुगें र उनलाई किन प्रवेश नदिएको भनी स्पष्टीकरणको माग गरें। तर, अधिकारीहरूले हाम्रो प्रश्नको उत्तर दिन आवश्यक सम्झेनन्। हामीले सोध्यौं यदि तपाईंहरू सेवाग्राहीलाई प्रवेश नै दिनुहुन्न भने दिनभर कसको के काम गरेर बस्नुहुन्छ ? के सिंहदरबारमा पहुँचवालाले मात्र प्रवेश पाउने हो ? मेरो साथी जो सरकारी विद्यालयको प्राचार्य नै थिए, उनले समेत ३ दिनदेखि सिंहदरबारको दक्षिण गेट गएर दिनभर बसेर फर्कनु परेको थियो यसै पालि पनि। शिक्षा मन्त्रालयका कर्मचारीहरूले कहिले गेटमा फोन गर्ने नम्बर बिग्रियो भनेर त कहिले फोन नै नउठाएर उनलाई हैरान पारेका थिए। प्राचार्य जत्तिको मानिसले त दिनभर पेन्डुलम भएर सडकमा उभिनुपर्छ भने अरू दूरदराजबाट आउने निरक्षर जनताको त के कुरा भयो र ? उनी विद्यालयमा नहुँदा उनले पढाउने कक्षा ८/९/१० को गणित विषयको पठनपाठन हुन नसकी विद्यार्थीको परीक्षा समेत बिग्रन सक्थ्यो। विद्यालयका अरू प्रशासनिक काम र अन्य शिक्षक-कर्मचारीले काम गरे-गरेनन् भनेर हेर्ने जस्ता नेतृत्वदायी कामहरू समेत हुन पाउँदैनथे।

हामीले यिनै माथिका कुराहरूको जिकिर लियौं। हामीले 'सयौं विद्यार्थीको भविष्यको जिम्मेवारी कसले लिन्छ ? तपाईंहरूले कहिल्यै सोच्नुभएको छ कि तपाईंहरूलाई सानो जस्तो लाग्ने कुराले राज्य, जनता र बालबालिकालाई कति घाटा परिराखेको छ भन्ने कुरा ? एक जना प्राचार्यले यो सिंहदरबारको कुनै कार्यालयमा प्रवेश पाउन दोलखाबाट कति पटक धाउनुपर्ने हो र कति दिनसम्म गेट बाहिर उभिनुपर्ने हो ? के यो कार्यालय जनता र विद्यार्थीको काम गर्नको लागि बनेको होइन ?'

## धनुषामा ५६ हजार २ सय ८२ जनालाई एचपीभी खोप दिने




जलेश्वरटुडे समाचारदाता
धनुषा, १९ माघ

धनुषाका ५६ हजार २ सय ८२ जनालाई एचपीभी खोप ( पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप) दिने भएको छ।

जिल्लाका ५ सय ४२ खोप केन्द्रमार्फत कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका बालिकालाई सो खोप दिने तयारी रहेको स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवले बताए । शनिबार जनकपुरधाममा आयोजित एचपीभी खोप सम्बन्धी संचारकर्मीहरुसँगको अभिमुखिकरण कार्यक्रममा प्रमुख यादवले जिल्लामा माघ २३ गतेदेखि पहिलो चरणको खोप अभियान संचालन गरिने जानकारी दिए। पहिलो चरणमा जनकपुरधाम उपमहानगरपालिका, मुखियापपट्टी मुसहरनियाँ गाउँपालिका, नगराइन नगरपालिका, हंसपुर नगरपालिका, लक्ष्मीनियाँ गाउँपालिका, बटेश्वर गाउँपालिका, मिथिला नगरपालिका र गणेशमान चारनाथ नगरपालिकामा खोप अभियान संचालन गरिने जिल्ला स्वास्थ्य कार्यालय धनुषाका खोप फोकल पर्सन रामविनेही यादवले बताए।

दोश्रो चरणमा धनौजी गाउँपालिका, औरही गाउँपालिका, विदेह नगरपालिका, कमला नगरपालिका, शहीदनगर नगरपालिका, सबैला नगरपालिका, धनुषाधाम नगरपालिका र मिथिला बिहारी नगरपालिकामा एचपीभी खोप लगाउने तयारी रहेको छ। फागुन १ देखि ६ गतेसम्म जिल्लामा दोश्रो चरणको खोप अभियान संचालन गरिने स्वास्थ्य कार्यालय प्रमुख यादवले बताए । नेपालमा दैनिक औसत ४ जनाको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने गरेको पाइएको छ । नेपाल सरकारले आगामी माघ २२ गतेदेखि फागुन ६ गतेसम्म पाठेघरको मुखको क्यान्सर रोकथामका लागि किशोरी लक्षित एचपीभी खोप अभियान सञ्चालन गर्न लागेको छ।

संस्थागत र सामुदायिक गरी ३ सय ७० विद्यालयमा कक्षा ६ देखि १० सम्मका किशोरीलाई उक्त खोप लगाउने तयारी रहेको छ । विश्वमा हरेक वर्ष ५ लाख ७० लाख महिलाहरुलाई पाठेघरको क्यान्सर हुने तथा उक्त संख्या सन् २०३० सम्ममा उक्त संख्या ७ लाख पुग्ने अनुमान गरिएको छ । तथ्यांक अनुसार तीमध्ये ३ लाख ११ हजार महिलाको मृत्यु हुने गरेको छ । सरकारले पाठेघरको मुखको क्यान्सरलाई प्राथमिक रुपमा रोकथाम गर्न उक्त एचपीभी खोप अभियानका रुपमा सञ्चालन गर्न लागेको हो ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरू
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# सर्वाङ्गीण विकासलाई प्राथमिकता दिऔं

*असामान्य अर्थमा विकास भनेको यथास्थितिबाट सकारात्मक परिवर्तन हुनु हो । यसले बहुआयामिक अवधारणा अन्तर्गत पत्रकारितासँग पनि साइनो जोडेको पाइन्छ । जुन पत्रकारिताले व्यक्ति, समाज र पूरै देशलाई विकासतर्फ अग्रसर गराउँछ त्यही पत्रकारिताको आधार भने विकासमूलक समाचार सङ्कलनमा बाँचेको हुन्छ । यस अर्थमा विकासमूलक समाचार सङ्कलनले समाजको सामाजिक, आर्थिक तथा राजनीतिक जस्ता बहुआयामिक विकाससँग सम्बन्धित विषयलाई प्रधानता दिने गर्छ ।*

*यस्तो समाचार सङ्कलनमा विकासका प्रयास, चुनौती र समाधानका उपायसमेतलाई समेटेर जवाफदेहिता सुनिश्चित गर्ने प्रयास गरिन्छ । समाचारमा सन्तुलित, सर्वाङ्गीण र दिगो विकासलाई केन्द्रमा राखिने हुँदा कुनै एकपक्षीय वृद्धिलाई मात्र वास्ता गरिँदैन । त्यसैले विकास पत्रकारिताले बाह्य आवरणमा हुने वृद्धिलाई महत्व नदिई गुणस्तरसहितको दिगोपनालाई समेटेको हुन्छ । विकासोन्मुख देशको आवश्यकताबाट जन्म हुन पुगेको विकास पत्रकारितालाई अघि बढाउन एसियाली पत्रकारिताको मुख्य भूमिका पाइन्छ ।*

*उनीहरूले विकसित देशका विकासवादी आदर्श एवं सिद्धान्तको सट्टा व्यावहारिक रूपमा विकासोन्मुख देशका सर्वहारा जनताको आवश्यकता अनुसार पत्रकारिता गर्ने सङ्कल्प गरे । स्थानीय स्तरमा रिपोर्टिङ मार्फत समुदाय-प्रेरित पहल र समाधानलाई उजागर गर्न सक्नु पर्छ । यस्तो अवस्थामा स्थानीय ज्ञान र स्रोतलाई उपयोग गरी दिगो विकास सुनिश्चित गर्न सहयोग पुग्छ । मूलत: भौतिक उन्नयन र आर्थिक समृद्धि मात्र विकास ठान्ने हाम्रा स्थानीय मिडियाले अब भने सामाजिक, सांस्कृतिक एवं बौद्धिकसहितका सर्वाङ्गीण विकासलाई प्राथमिकता दिनुपर्ने हुन्छ ।*

# सिरहामा ४५ हजारभन्दा बढी किशोरीहरूलाई एचपीभी खोप लगाइने




जलेश्वरटुडे समाचारदाता
सिरहा, १९ माघ

सिराहामा ४५ हजारभन्दा बढी किशोरीहरूलाई पाठेघरमा हुने क्यान्सर विरुद्धको एचपीभी खोप लगाइने भएको छ।

माघ २२ देखि फागुन ६ गतेसम्म सञ्चालन हुने राष्ट्रिय खोप अभियोजन अन्तर्गत सिराहामा १० देखि १४ वर्ष उमेर समूहका ४५ हजार चार सय ६३ जना किशोरीलाई खोप लगाउन लागिएको जिल्ला स्वास्थ्य कार्यालय सिराहाका जनस्वास्थ्य अधिकृत कृष्णदेव यादवले जानकारी दिए । जिल्लाका १७ पालिकामा तीन सय ६३ विद्यालय र एक सय ५५ स्वास्थ्य संस्थासहित पाँच सय १८ खोप केन्द्र निर्धारण गरिएको जनस्वास्थ्य अधिकृत यादवले जानकारी दिए। अभियान अन्तर्गत कक्षा ६ देखि १० कक्षासम्म अध्ययनरत छात्राहरूलाई खोप लगाउने लक्ष्य लिएकाले विद्यालयलाई खोप केन्द्र बनाइएको यादवले बताए । उनले भने, 'अभियोजन अन्तर्गत कक्षा ६ देखि १० सम्म अध्ययन गरिरहेका छात्राहरूलाई खोप लगाउने हो । विद्यालय नआउने वा विद्यालय बाहिर रहेका १० वर्ष उमेर समूहका किशोरीलाई भने पायक पर्ने विद्यालय वा अन्य खोप केन्द्र मार्फत खोप लगाइने छ।' जिल्लामा दुई चरणमा खोप अभियान सञ्चालन हुने जनाएको छ। सिराहा, मिर्चैया, कल्याणपुर, कर्जन्हा, लहान, सुखिपुर, नगरपालिका र विष्णुपुर, नरहा, सखुवानन्कारकट्टी गाउँ पालिका पहिलो चरयामा खोप लगाइने छ। दोस्रो चरण अन्तर्गत औरही, अर्नामा, बरियारपट्टी, नवराजपुर, लक्ष्मीपुरपतारी, भगवानपुर गाउँ पालिका र सुखिपुर, धनगढीमाई, गोलबजार नगरपालिकामा खोप अभियान सञ्चालन हुने छ । जनस्वास्थ्य अधिकृत यादवले खोपकर्तालाई आवश्यक तालिम, अभिमुखीकरण सहित तयारी गरिसकिएको जानकारी दिए । उनले खोप प्रभावकारी र सुरक्षित रहेकोले सबैले यसमा सहभागी जनाउनु पर्ने बताए । उनले भने, 'खोपहरूका बारेमा विभिन्न अफवाहहरू फैलने गर्दछ। यो खोपको बारेमा पनि केही अफवाहहरू भइरहेको छ। त्यो अफवाहको पछि लाग्नु हुँदैन । यो खोप सुरक्षित र प्रभावकारी छ।

# विवाहको उमेर २० वर्ष कायम गर्न आग्रह



जलेश्वरटुडे समाचारदाता
सर्लाही, १९ माघ

गैरसरकारी संस्था महासङ्घ नेपाल सर्लाही सहित विभिन्न सामाजिक सङ्घ-संस्थाहरूले विवाहको न्यूनतम उमेर २० वर्ष नै कायम गर्न सरकारलाई आग्रह गरेका छन् ।

सरकारले विवाहको हद उमेर घटाएर १८ वर्ष कायम गर्ने अध्ययादेश संसद्मा पेस गरेको छ । सर्लाहीका १५ वटा सङ्घ संस्थाका प्रतिनिधिले सरकारसँग विवाहको न्यूनतम उमेर २० वर्ष नै कायम राख्न आग्रह गरेका हुन् ।

गैसस महासङ्घको केन्द्रीय सदस्य लक्ष्मी सिंह नेतृत्वको एक टोलीले जिल्ला प्रशासन कार्यालय सर्लाहीका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठ मार्फत ध्यानाकर्षण पत्र बुझाएको हो । संयुक्त रूपमा जारी प्रेस विज्ञप्तिमा बालविवाहले बालबालिका र किशोर-किशोरीको शारीरिक, मानसिक र सामाजिक जीवनमा पर्ने नकारात्मक प्रभाव पर्ने उल्लेख गरिएको छ ।


# व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन बिमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
- आवासको व्यवस्था गर्न सजिलो हुने ।
- व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

## रामगोपालपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: खानपानमा समस्या आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कूम्भ: पढाईमा ध्यान दिनुपर्ने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८
श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७


### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भारतद्वारा ७ सय करोड भारु अनुदानको घोषणा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ माघ



भारत सरकारले नेपाललाई आर्थिक वर्ष २०२५/०२६ का लागि ७ सय करोड भारतीय रुपैयाँ अनुदान दिने भएको छ । शनिबार भारतीय अर्थमन्त्री निर्मला सीतारमणले संसद्रुमा प्रस्तुत गरेको वार्षिक बजेटमा नेपाललाई गत वर्ष बराबर नै भारु ७ अर्ब (करिब सवा ११ अर्ब रुपैयाँ) अनुदान दिने उल्लेख गरिएको हो। चालु आर्थिक वर्षमा भारतले नेपाललाई भारु ७ सय करोड रुपैयाँ उपलब्ध गराउने संशोधित अनुमान छ।

छिमेकी मुलुकमध्ये भारतले सबैभन्दा बढी भुटानलाई अनुदान दिने बजेटमा उल्लेख छ। भुटानलाई भारतले २ हजार १ सय ५० करोड भारतीय रुपैयाँ अनुदान उपलब्ध गराउने जनाएको छ। यो रकम यस आर्थिक वर्षको भन्दा कम हो।

यस आर्थिक वर्ष भारतले २ हजार ५ सय ४३.४८ करोड रुपैयाँ विनियोजना गरेको थियो। त्यस्तै भारतको आगामी बजेटमा माल्दिभ्सलाई ५ सय करोड, म्यानमारलाई ३ सय ५० करोड, श्रीलंकालाई ३ सय करोड, अफगानिस्तानलाई १ सय करोड, बंगलादेशलाई १ सय २० करोड, अफ्रिकी मुलुकहरूलाई २ सय २५ करोड र मंगलोलियालाई ५ करोड भारतीय रुपैयाँ अनुदान उपलब्ध गराउने उल्लेख छ।

# सैफका छोरा इब्राहिमको डेब्यु फिल्मको पोस्टर सार्वजनिक

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ माघ




बलिउड अभिनेता सैफ अली खान र अमृता सिंहका छोरा इब्राहिम अली खान चाँडै करण जोहरको धर्मा प्रोडक्सनको ब्यानरमा बनेको फिल्म 'नादानियाँ' बाट बलिउडमा डेब्यु गर्न तयार छन्। यस फिल्मबाट शौना गौतम पनि निर्देशनमा डेब्यु गर्दैछिन्।

शनिबार स्ट्रिमिङ प्लेटफर्म नेटफ्लिक्सले 'नादानियाँ' को पहिलो पोस्टर सार्वजनिक गरेको छ। इन्स्टाग्राममा पोस्टर सेयर गर्दै नेटफ्लिक्सले क्याप्सनमा लेखेको छ, 'हरेक प्रेमकथामा थोरै मूर्खता हुन्छ। इब्राहिम अली खान र खुशी कपूरलाई मुख्य भूमिकामा ल्याउन गाह्रो छ। हेर्नुहोस मुर्खता। चाँडै आउँदैछ, केवल नेटफ्लिक्समा। 'नादानियाँ'को कथालाई लिएर निर्माताले केही संकेत दिएका छन्। निर्माताका अनुसार 'नादानियाँ' रोमान्टिक कथा हो जसले पहिलो प्रेमको जादू, पागलपन र निर्दोषपनलाई चित्रण गरेको छ। यो दक्षिण दिल्लीकी केटी पिया (खुशी) र नोएडाको मध्यम वर्गीय केटा अर्जुन (इब्राहिम) को कथा हो।

जब तिनीहरूका दुई पूर्णतया फरक संसारहरू टकराउँछन्, तिनीहरू अलग बाटोमा हिँड्छन्। रोमान्टिक फिल्ममा इब्राहिमले सुनील शेट्टी, दिया मिर्जा, महिमा चौधरी र जुगल हंसराज जस्ता कलाकारहरूसँग स्क्रिन सेयर गर्दैछन्। नेटफ्लिक्समा रिलिज हुने यस फिल्ममा खुशी कपूर मुख्य अभिनेत्रीको रुपमा रहनेछिन्।

नादानियाँ' शौना गौतमको डेब्यु निर्देशन हो। यसअघि शौनाले 'रकी और रानी की प्रेम कहानी' मा सहायक निर्देशकको रुपमा काम गरिसकेकी छिन्।

# कार्बनको रकम खर्च गर्न कार्यविधि बन्दै



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ माघ

विश्व बैङ्कसँग सम्झौता भएपछि कार्बन व्यापारबाट नेपाल सरकारले कुल एक अर्ब ६० करोड रुपियाँ प्राप्त गर्ने निश्चित भइसकेको छ तर कार्बन व्यापारको लाभ समुदायसँग कसरी बाँडफाँट गर्ने भन्नेबारेमा कार्यविधि निर्माण भइनसक्दा प्रस्ट छैन।

यद्यपि कार्यविधि तयार भएपछि भने सहज हुने देखिएको छ। रेड कार्यान्वयन केन्द्रका प्रमुख नवराज पुडासैनीले नेपालले सन् २०१८ देखि सन् २०२४ सम्म कार्बन सञ्चित गरेबापत पहिलो चरणमा एक अर्ब ६० करोड रुपियाँ प्राप्त गर्ने निश्चित भइसकेको जानकारी दिनुभयो।

तराईका रौतहटदेखि कञ्चनपुरसम्म १३ जिल्लामा कार्बनडाइअक्साइड घटाएबापत उक्त रकम प्राप्त भएको हो। उहाँले भन्नुभयो, "पहिलो किस्ताबापतको कुल एक अर्ब ६० करोड रुपियाँ हो। उक्त रकम वन विकास कोषमार्फत खर्च गर्ने विश्व बैङ्कसँग समझदारी छ। वन विकास कोषले कार्यविधि बनाएर कार्बन न्यूनीकरण गरेबापत प्राप्त भएको रकम खर्च गर्ने छ। अर्कोतिर अर्थ मन्त्रालयको सञ्चित कोषमार्फत खर्च गर्नु पर्छ भन्ने बहस छ।

अब सझेदारी बनाएर कार्बन रकम खर्च गरिने छ।" कार्बन व्यापारमार्फत प्राप्त हुने रकम कार्यविधि बनाएर खर्च गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो। वन विकास कोषले आफ्नो कोषको रकम र कार्बनको रकमसमेत खर्च गर्ने गरी कार्यविधि तयार भइसकेकाले अन्तिम रूप दिन मात्रै बाँकी रहेको वन तथा भूसंरक्षण विभागले जनाएको छ।

उहाँले भन्नुभयो, "नेपाल सरकार र विश्व बैङ्कबिच लाभ वितरण योजना (बेनिफिट सेयरिङ प्लान) समुदायमा आधारित वनमा ४३ प्रतिशत सरकारद्वारा व्यवस्थित वनमा ४२ प्रतिशत, मध्यवर्ती वनमा १५ प्रतिशत खर्च गर्ने समझदारी छ।

# इंग्लिस प्रशिक्षक ग्रेसन ललितपुर सिटी एफसीको प्रशिक्षक नियुक्त

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ माघ



नेपाल सुपर लिग (एनएसएल) को साविक विजेता टोली ललितपुर सिटी एफसीले इंग्लिस प्रशिक्षक साइमन ग्रेसनलाई नयाँ सिजनको लिगका लागि मुख्य प्रशिक्षकमा अनुबन्ध गरेको छ। साविक विजेता ललितपुरले इंग्लिस फुटबलमा अनुभवी यूईएफए प्रो लाइसेन्स प्राप्त प्रशिक्षकलाई भित्र्याएको हो। एनएसएलको तेस्रो सिजनका लागि ग्रेसनलाई प्रशिक्षकमा नियुक्त गरिएको ललितपुर सिटी एफसीले जनाएको छ।

ग्रेसनले लिड्स युनाइटेडलाई इंग्लिस लिगको दोस्रो डिभिजन च्याम्पियनसिपमा छनोट गराएका थिए। उनले लिड्ससहित हर्डसफिल्ड र प्रेस्टन नर्थलाई समेत प्रशिक्षकको रुपमा च्याम्पियनसिपमा उकालेका थिए। सन् १९९६ को इङ्लिस लिग कप विजेता साइमनले लामो समय लेस्टर सिटी, ब्ल्याकपुल, एस्टन भिल्ला र ब्ल्याकबर्नबाट व्यवसायीक फुटबल खेलेका थिए।

ग्रेसनले पछिल्लो पटक छिमेकी भारतमा इन्डियन सुपर लिग (आईएसएल) टोली बेंगलुरु एफसीको प्रशिक्षण सम्हालेका थिए। उनको प्रशिक्षणमा बेंगलुरुले डुरान्ड कप जितेको थियो भने इन्डियन सुपर लिग र सुपर कपको फाइनल खेलेको थियो। इंग्लिस फुटबलका अनुभवी प्रशिक्षकको आगमनले क्लबसँगै नेपाली फुटबलले धेरै सिक्न पाउने ललितपुर सिटी एफसीले जनाएको छ।



भंगहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल



सम्सी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल


# पठन संस्कृति किन आवश्यक छ ?

-पढ्ने संस्कृतिलाई पठन संस्कृति भनिन्छ। पठन संस्कृतिका निम्ति पठन जीवनको अनिवार्य अङ्ग बन्नुपर्छ । पठन संस्कृतिभित्र पठनलाई मलजल गर्ने र उकेरा लगाउने पर्यावरण पनि पर्छ। पठनका निम्ति उपयुक्त पर्यावरणमै पठन संस्कृति मौलाउँछ। पठनप्रति जागरुक र त्यसको महत्त्व बुझेको समाजमै मानिस पठनप्रति आकर्षित हुन्छन्। पठन संस्कृतिमा पठन जीवनपर्यन्त चल्नुपर्छ। औपचारिक शिक्षा प्राप्त गर्दासम्म पढ्ने र गरिसकेपछि नपढ्नेहरूको संख्या निकै हुन्छ। पठन संस्कृतिमा अनौपचारिक पठनलाई बेसी महत्त्व दिइन्छ। औपचारिक शिक्षा सकिएपछि पनि पठनले निरन्तरता पाउनुपर्छ। पठनको क्षेत्र पनि फराकिलो हुनुपर्छ।

औपचारिक शिक्षा प्राप्त गर्दा पढिने विषय क्षेत्रभन्दा बाहिरका साहित्य लगायत ज्ञानका अन्य क्षेत्रका पुस्तकहरूको पठनले पठन संस्कृतिलाई समृद्ध गर्न योगदान दिन्छन् । लेखिन थालेपछि पढिन थाल्यो, पहिले सुनिन्थ्यो मात्र । पठन संस्कृतिजस्तै पहिले श्रवण संस्कृति थियो। मानिस एक अर्कालाई कविता, कथा, अनुभव एवं विविध विषयका ज्ञान सुनाउँथे । यसैगरी ती एउटा पिँढीबाट अर्को पिँढीमा हस्तान्तरित हुन्थे। अहिले पनि यो संस्कृति जीवित छ। मानिस एक-अर्कालाई सुन्छन्, सुनाउँछन् । पठन संस्कृतिको विकाससँगै विमर्श पनि पठन संस्कृतिकै बारेमा बढी हुन थाल्यो। श्रवण वा सुन्ने संस्कृति प्राथमिकतामा परेन। सुन्ने र पढ्ने कुरा एकापसमा गहिरोसँग जोडिएका छन् । आजको डिजिटल संसारमा पुस्तकका हेर्ने र सुन्ने सामग्रीहरू छन्। यी सबैबाट मानिस लाभान्वित भएका छन्। सबै मुलुकमा पठन संस्कृतिको लामो इतिहास पाइन्छ।

नेपालमा पनि यसको लामो इतिहास छ। नेपालको इतिहास पठन संस्कृतिले समुचित महत्त्व पाएको इतिहास भने होइन । वर्तमानमा पनि पठन संस्कृति समृद्ध छैन । अतीतमा न शासकहरूले यसलाई महत्त्व दिए, न त समाज नै यसका निम्ति जागरुक बन्यो। शासन गर्नेहरू यसप्रति गम्भीर भइदिएको भए स्थिति अलि फरक हुन्थ्यो। पढ्ने कुरा सत्तारुढ वर्गमा सीमित बन्यो। त्यसको परिधि साँघुरो थियो । लिच्छविकाल, मल्लकाल, शाहकाल, राणाकाल कुनै पनि कालमा यसतिर विशेष दृष्टि गएन । औपचारिक-अनौपचारिक रूपमा पढ्ने कुरा माथिल्लो वर्गमा सीमित रह्यो। गुम्बा, चैत्य, विहार, गुरुकुल, मन्दिर आदिमा सीमित रूपमा पठनपाठन भयो। थोरै मानिस भारतका विभिन्न ठाउँमा गएर पढे । समयको दबाबमा परेर राणाशासकहरूले शिक्षाका क्षेत्रमा थोरै भए पनि काम गरे। बिस्तारै बिस्तारै मानिसमा जागरण पनि आउन थाल्यो । सार्वजनिक पुस्तकालय खोल्ने प्रयास भए । प्रयास गर्नेहरू शासकबाट दण्डित भए । १९८७ सालको पुस्तकालय पर्व यसको उदाहरण हो । राणाशासकहरू जनता जागे आफ्नो शासनका विरुद्ध उभिन्छन् भन्थे । चन्द्रशमशेरले त्रि-चन्द्र क्याम्पसको शिलान्यास गरेपछि पछुतो मानेका थिए । तर पनि उनीहरूलाई केही गर्न समयले बाध्य बनाएको थियो। मठ-मन्दिरका निम्ति धेरैभन्दा धेरै खर्च गर्ने राज्यले पुस्तकालय स्थापनाका निम्ति खर्च गरे उपयुक्त हुन्थ्यो । सार्वजनिक संस्थाहरूले पनि पठन संस्कृतिको विकासमा गहन भूमिका सम्पादन गर्न सक्छन् र गर्नुपर्छ । २००७ सालपछि भने स्थिति बदलिन थाल्यो । शिक्षाको विस्तार भयो । सरकारी र सार्वजनिक स्तरबाटै पुस्तकालयहरू खुल्न थाले । केही पुस्तकालय २००७ सालअगावै स्थापना गरिए पनि धेरै पुस्तकालय लोकतन्त्रको स्थापनापछि खुले । परिवर्तनको प्रभाव आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायत विभिन्न क्षेत्रमा पर्‍यो । यसले पठन संस्कृतिलाई बढायो । साक्षर र शिक्षितहरूको संख्या बढेसँगै पढ्नेहरूको संख्या पनि बढ्यो। स्वदेश र विदेशका लेखकका कृतिहरू अलि बढी बिक्न थाले । पाठ्यपुस्तकका साथै अरु पुस्तक पनि पढिन थाले। तर पनि पठन संस्कृतिको अपेक्षित विकास हुन सकेन । पञ्चायतको स्थापनापछि स्थिति प्रतिकूल भए पनि पढ्ने कुरालाई यसले रोक्न सकेन । पुस्तक किन्ने र पढ्ने कार्य चलिरह्यो । यस कालखण्डमा पनि पुस्तकालय खुले, पठन संस्कृतिका बारेमा छलफल भए। २०४६ सालको आन्दोलनबाट पञ्चायत समाप्त भयो, लोकतन्त्रको पुन: स्थापना भयो। आज मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र छ। २००७ सालयता सात दशकभन्दा लामो समय बित्दा पनि पठन संस्कृति अपेक्षा अनुसार मौलाउन सकेको छैन । शिक्षा क्षेत्रमा भएको विकासलाई आधार मान्ने हो भने पठन संस्कृति अहिलेको तुलनामा समृद्ध हुनुपर्थ्यो। अहिले पनि पाठ्यपुस्तकबाहेक अन्य पुस्तक कम बिक्छन् । साहित्यिक कृतिहरूको बिक्रीले ठुलो फड्को मारेको छैन । वाङ्मयका विभिन्न क्षेत्रका कृतिहरू पनि धेरै बिकेको पाइँदैन। ई-पुस्तक पढ्नेहरूको संख्या पनि धेरै छैन । हामीकहाँ पठनको महत्त्वबोधको विकास राम्रोसँग हुन सकेको छैन । त्यस अनुकूलको पर्यावरणको निर्माण भनेजसरी गर्न सकिएको छैन। पठन किन आवश्यक छ भन्ने कुरालाई गहिरो गरी बुझ्दा मात्र पठन संस्कृति फस्टाउँछ। यस दृष्टिले नेपाली समाज पछि छ । समाजमा गरिबी छ। गरिबी पठन संस्कृतिको विकासमा बाधक छ । मौलाउँदो उपभोक्तावादी चरित्र र मनोविज्ञान पठन संस्कृतिको विरोधी छ। सञ्चार-प्रविधिको दुरुपयोगबाट पठन संस्कृति दुष्प्रभावित छ । लोकप्रिय संस्कृतिका अनेक रूपले पठन संस्कृतिको विकासलाई प्रभावित गरेका छन् । किन्न सक्ने हैसियत भएका नेपाली पनि पुस्तक किनेर पढ्दैनन् । धेरै पठित र हुनेखाने नेपालीका घरमा एउटा सानोतिनो पुस्तकालय पाइँदैन । लाउन, खान, घुम्न, मनोरञ्जन गर्न लाखौँ खर्च गर्न सक्ने नेपालीसँग पुस्तकका निम्ति बजेट हुँदैन । उनीहरू पुस्तकको उपयोगिता नै देख्दैनन्। सामाजिक सञ्जालले यस प्रवृत्तिलाई अझ मलजल गरेको छ।

सांभार : रातोपाटी।




पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।

सम्पर्क
-: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला



मिथिला बिहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल






स्वास्थ्य निर्देशनालय
सपही
धनुषा, मधेश प्रदेश नेपाल

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday